बैठक नं.१८

आज मिति २०८०/०२/३१ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिका हल ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | टेकराज पन्थी | सचिव | |

**प्रस्ताव नं.१८.१**
**मिति २०८०।२।३ मा बसेको अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।**
**निर्णय नं.१८.१**

- बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका मुख्य मुख्य स्थानहरुमा विद्युत प्राधिकरणसंगको सहकार्यमा High Mast Light जडान गर्ने गरी निर्णय लिइएको । निर्णय बमोजिमको कार्यक्रम स्वीकृत भई प्रकिया समेत अगाडि बढिसकेको छ ।
- आधुनिक पशुबधशाला संचालन तथा व्यवस्थापनका लागि विगतमा गरिएको मनसायपत्र आह्वान सम्बन्धी टेण्डर रद्ध गरिएको ।
- स्वास्थ्य संस्था दर्ता अनुमति नवीकरण तथा स्तरोन्नती सम्बन्धी मापदण्ड, २०८० टेबुल गरिएको ।
- अमरपथ शपिङ्ग कम्प्लेक्स र हाटबजार पूर्व मोहडा शपिङ्ग कम्प्लेक्स लगायतका सटरहरुको वहाल बन्दोवस्ती गर्ने गरी निर्णय लिइएको ।
- कृषक समूहलाई सहजिकरण गर्ने गरी तिनाउँ गाँउपालिकालाई ३ वटा सटर उपलब्ध गराउने गरी निर्णय लिइएको ।
- अव्यवस्थित वसोवासी क्षेत्रको नक्शाँकनका लागि केही समयका लागि आवश्यक जनशक्ति राख्ने गरी निर्णय लिइएको ।
- City Net को सदस्यता नवीकरण गर्ने गरी निर्णय लिइएको ।
- नगर प्रमुखज्यू र प्रमुख प्रशासकीय अधिकृतलाई जापान भ्रमणमा जानका लागि मनोनयन गरिएको र भ्रमण समेत सम्पन्न भईसकेको छ ।
- बुटवल उपमहानगरपालिका क्षेत्रभित्रका ठेला व्यवसायलाई व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०७९ संशोधन गरिएको ।
- मेलमिलापकर्तालाई यातायात खर्च उपलब्ध गराउने गरी निर्णय लिइएको ।
- उपप्रमुखज्यू र वडा नं.६ का वडाध्यक्षलाई थाइल्याण्ड भ्रमणका लागि मनोनयन गरिएको र भ्रमण समेत सम्पन्न भइसकेको छ ।
- पदवहाली पछि एक वर्ष भित्रमा सम्पादन एवं कार्यान्वयन भएका कार्यहरुको मिति २०८०/२/९ गते समीक्षा गर्ने गरी निर्णय लिइएको र समीक्षा गर्ने कार्यक्रम समेत सम्पन्न गरिएको ।
- वडा नं.१५ स्थित सिर्जनसिल टोल विकास संस्था अन्तर्गत रहेको डिप टयूववेलको विल भुक्तानी प्रयोजनका लागि अनुदान उपलब्ध गराईएको ।
- वडा नं.११ स्थित नहरपुर माध्यमिक विद्यालयको भवन निर्माणको खरिद सम्झौताको भेरिएशन आदेश सहित म्याद थप गर्ने गरी निर्णय लिइएको ।

**प्रस्ताव नं.१८.२**
**नगर सभाको १३ औं अधिवेशन वस्नका लागि मिति तोक्ने सम्बन्धमा ।**
**निर्णय नं.१८.२**

आगामी आ.व.०८०/०८१ को वार्षिक वजेट नीति तथा कार्यक्रम,आर्थिक विधेयक, २०८० र विनियोजन विधेयक, २०८० लगायतका अन्य विविध विषयहरु माथि छलफल गरी निर्णय गर्ने प्रयोजनका लागि मिति २०८०/३/७ गते दिनको १.०० बजे वस्ने गरी बुटवल उपमहानगरपालिकाको नगर सभाको १३ औं अधिवेशन आह्वान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१८.३**
**स्वास्थ्य संस्था दर्ता, अनुमति, नवीकरण तथा स्तरोन्नती सम्बन्धी मापदण्ड, २०८० स्वीकृत गर्ने सम्बन्धमा ।**

निर्णय नं.१८.३

मिति २०८०/२/३ मा वसेको नगर कार्यपालिकाको बैठकको निर्णय नं.१७.४ अन्तर्गत टेवुल भएको स्वास्थ्य संस्था दर्ता, अनुमति, नवीकरण तथा स्तरोन्नती सम्बन्धी मापदण्ड, २०८० माथि दफावार छलफल गरियो । आजको छलफलमा उठेका विषयहरुलाई तत् तत् दफा उपदफाहरुमा समावेश गर्ने गरी परिमार्जन सहित उल्लेखित मापदण्ड बुटवल उपमहानगरपालिकाको लागि आवश्यक समेत भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१८.४**

**केवलकारको सेवा शुल्क निर्धारण सम्बन्धमा ।**

निर्णय नं.१८.४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ "घ" को बुँदा नं.(३) र सोही ऐनको दफा ६२ अनुसार केवलकार सञ्चालनमा सेवा शुल्क लगाउन सक्ने स्थानीय तहको एकल अधिकार अन्तर्गत कानूनी व्यवस्था भएकोले बुटवल उपमहानगरपालिका, तिनाउँ गाँउपालिका र लुम्बिनी केवलकार प्रा.लि.बीच भएको सहमति एवं राजश्व परामर्श समितिको सिफारिस समेतका आधारमा बुटवल उपमहानगरपालिकाले यहि मिति २०८०/२/१५ गते देखिनै लागु हुने गरी १ प्रतिशत सेवा शुल्क लिने, प्रत्येक २ वर्षमा सेवा शुल्कका विषयमा पुनरावलोकन गर्ने र उक्त दररेटलाई आगामी नगरसभाबाट आर्थिक ऐन, २०८० मा समावेश गर्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१८.५**

**अव्यवस्थित वसोवासीहरुलाई लालपूर्जा प्राप्तिका लागि राष्ट्रिय भूमि आयोग जिल्ला समिति रुपन्देहीमा सिफारिस गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१८.५**

बुटवल उपमहानगरपालिका वडा नं. ६ र १२ मा अबस्थित देहाय बमोजिमका अव्यवस्थित बसोवासीहरुको जग्गा साबिकको सुकुम्बासी आयोगबाट नाप नक्शां तयार भैसकेको तर केही जग्गाको मात्र लालपुर्जा लिन बाँकी रहेको जग्गा राष्ट्रिय भुमि आयोगमा पुर्जा प्राप्तिका लागि वडामा निबेदन पेश गरी वडाबाट समेत सिफारिस भई आएका देहाय अनुसारका अव्यवस्थित बसोवासीहरुको लालपुर्जा प्राप्तिको प्रकिया अगाडि बढाउनका लागि राष्ट्रिय भुमि आयोग, जिल्ला समिति रुपन्देहीमा सिफारिस गर्ने निर्णय गरियो ।

| सि.नं. | नाम | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मोहमद जमिरुल हक | ६ | ०९८-११५८-०५ | कि.नं. ३१ मध्ये सा. बिटौरी कि.नं. ९७ग | २२७.९५ ब.मि.मध्येबाट | अव्यवस्थित बसोवासी |
| २ | भिम बहादुर खत्री | १२ | सेमलार २य | कि.नं. ५० | ०-०-१० | अव्यवस्थित बसोवासी |

**प्रस्ताव नं.१८.६**

**अव्यवस्थित वसोवासीको जग्गा,ब्लक छुट्टयाउने कार्य सम्पन्न भएका जग्गाको नाप नक्शाँकन प्रकिया अगाडि बढाउने सम्बन्धमा ।**

निर्णय नं.१८.६

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्बासीहरुलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोवासीहरुलाई व्यवस्थापन गर्ने उद्देश्यले वडास्तरबाट लगत संकलनको कार्य सम्पन्न भईसकेको छ । नगरका सबै वडाहरुका अव्यवस्थित क्षेत्रको बस्तीको तहगत क्षेत्र निर्धारण भई सकेकोले अव्यवस्थित क्षेत्रको नांप नक्शांकनको प्रकिया अगाडि बढाउने सन्दर्भमा यस कार्यालयमा कार्यरत प्राबिधिक जनशक्ति(

सर्भेक्षक,अमिन)हरुद्धारा वडा कार्यालयसंगको समन्वयमा वडा नम्बर ४, १४ र १८ अन्तर्गतका तपशिल बमोजिमका ब्लकहरु छुट्याउने कार्य सम्पन्न भई सकेकोले प्राबिधिकहरुद्धारा पेश भई ब्लक छुट्याउने कार्य सम्पन्न भएका उल्लेखित वडाहरु अन्तर्गतका तपशिल बमोजिमका योग्य ब्लकहरु नांप नक्शांकनको प्रकिया अगाडि बढाउन राष्ट्रिय भुमि आयोग, जिल्ला समिति रुपन्देहीमा अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | वडा न. | ब्लक नं |
|---|---|---|
| १ | ४ | १ |
| २ | १४ | १, २, ६, ८, ९, १०, ११ |
| ३ | १५ | १ |
| ४ | १८ | ४ |

**प्रस्ताव नं.१८.७**

**आधुनिक पशबधशालाको संचालन व्यवस्थापन (आय ठेक्का) का लागि न्यूनतम कवोल अंक स्वीकृत गरी नियमानुसार सूचना प्रकिया अगाडि बढाउने सम्बन्धमा ।**

**निर्णय नं.१८.७**

बुटवल उपमहानगरपालिका वडा नं.१० स्थित रामनगरमा बुटवल उपमहानगरपालिका र लुम्बिनी प्रदेश सरकार समेतको लागत सहभागितामा निर्माण सम्पन्न भएको आधुनिक पशुबधशालाको संचालन व्यवस्थापन (आय ठेक्का) का लागि वार्षिक न्यूनतम कवोल अंक रु.५०,१८,०००/- पचास लाख अठार हजार मात्र (भ्याट बाहेक) कायम गरी ठेक्काको सूचना प्रकाशन गर्ने कार्य स्वीकृत गरियो । उक्त आधुनिक पशुबधशाला ( आ.व.०८०/०८१ देखि आ.व.०८५/०८६ असार मसान्त सम्म) ५ बर्षका लागि ठेक्का वन्दोवस्ती मार्फत संचालन व्यवस्थापन गर्ने गरी नियमानुसार सूचना प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.१८.८ विविध ।**

**प्रस्ताव नं.१८.८.१**

गौशाला व्यवस्थापन तथा संचालन कार्यविधि, २०७९ पहिलो संसोधन संम्बन्धमा

**निर्णय नं.१८.८.१**

बुटवल उपमहानगरपालिकाको गौशाला व्यवस्थापन तथा संचालन कार्यविधि, २०७९ माथि कार्यान्वयनको सन्दर्भमा संसोधन गर्न आवश्यक देखिएको हुँदा देहाय बमोजिम हुने गरी उल्लेखित कार्यविधिमा (पहिलो संसोधन) संसोधन गर्ने निर्णय गरियो ।

| कार्यविधिको दफा, उपदफा | भएको व्यवस्था | संसोधनका लागि प्रस्ताव | कारण |
|---|---|---|---|
| दफा २ परिभाषा खण्ड २.८ | गौशाला भन्नाले बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका सडकमा आश्रित छाडा पशुचौपायाहरुको व्यवस्थापनको लागि शिवनगर सामूदायिक वनक्षेत्र ( बुटवल-७) मा बुटवल उपमहानगरपालिका मातहत रहने गरी निर्माण गरिएको गौशाला | गौशाला भन्नाले बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका सडकमा आश्रित छाडा पशुचौपायाहरुको व्यवस्थापनका लागि शिवनगर सामूदायिक वन क्षेत्र (बुटवल-७) मा रहेको सम्झनु पर्छ । | वन .क्षेत्रको भू-स्वामित्व नेपाल सरकारमा रहने कानूनीव्यवस्था भएकाले, |

| | | | |
|---|---|---|---|
| | सम्झनु पर्छ । | | |
| दफा ३ को उपदफा १ | ......... गौशालाको नाम "तिलोत्तमा-खस्यौली बहुउद्देश्यीय धार्मिक पर्यटकीय गौशाला" बुटवल रहनेछ । | ......... गौशालाको नाम "तिलोत्तमा-खस्यौली बहुउद्देश्यीय धार्मिक पर्यटकीय गौशाला **(नन्दीनी गौशाला)"** बुटवल रहनेछ । | नाममा प्रष्टता ल्याउनुपर्ने देखिएकाले |
| दफा १० को उपदफा ६ थप गरिएको | | **यो कार्यविधि प्रारम्भ हुनु अघिका सदस्यहरु यसै कार्यविधि बमोजिम मानार्थ सदस्यको रुपमा रहने र ती सदस्यहरुले समितिको निर्वाचनमा भाग लिन, मनोनयन हुन र मतदानमा सहभागि हुंन पाउने छैनन् । मानार्थ सदस्यहरुको भूमिका गौशालाको संचालन र व्यवस्थापनमा पूर्ण रुपमा सहयोगीको रुपमा हुनेछ ।** | पूर्व सदस्यहरुको भूमिकालाई सम्बोधन गर्नुपर्ने भएकाले |

**प्रस्ताव नं.१८.८.२**

**भुक्तानी सम्बन्धमा ।**

**निर्णय नं.१८.८.२**

बुटवल उपमहानगरपालिका वडा नं.१५ स्थित सिर्जनसिल टोल विकास संस्था मातहत रहेको भुमिगत सिंचाई योजनाको विद्युत महशुल वापतको रकम रु.१५९०००/- (एक लाख उन्साठी हजार मात्र) अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.१८.८.३**

**कार्यदल गठन सम्बन्धमा ।**

**निर्णय नं.१८.८.३**

यस बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई आएका कर्मचारीहरु मध्ये अधिकृतस्तर दशौं तह देखि अधिकृत स्तर छैटौं सम्मका १६ सोह्र जना कर्मचारीहरुले नेपाल सरकारको श्रेणीगत प्रणाली रहेका निजामती कर्मचारीहरुलाई तहगतमा स्तरबृद्धि भएका कर्मचारीहरुले समायोजन हुनु भन्दा पहिले खाईपाई आएको ग्रेड संख्या उपलब्धताका लागि निवेदन मार्फत अनुरोध गरेको हुँदा पेश भए बमोजिमको विषय अर्थ संग सम्बन्धित विषय भएकोले अन्य स्थानीय तहमा भएको अभ्यास, महालेखा नियन्त्रक कार्यालय, सम्बन्धित जिल्लाको को.ले.नि.का. र प्रचलित कानूनको अध्ययन गरी ५ (पाँच) दिन भित्र प्रतिवेदन पेश गर्ने गरी देहाय बमोजिमको कार्यदल गठन गर्ने र सोही कार्यदलको प्रतिवेदन बमोजिम हुने गरी स्वीकृतिका लागि आगामी नगरसभा बैठकमा पेश गर्ने निर्णय गरियो ।

- तुल्सा अर्याल, अधिकृतस्तर नवौं तह - संयोजक
- सरस्वती भुर्तेल- अधिकृतस्तर सातौं तह - सदस्य
- यादवचन्द्र विष्ट, अधिकृतस्तर छैटौं तह - सदस्य
- घनश्याम पन्त, अधिभक्ता - सदस्य
- ध्रुब भट्टराई, कानून अधिकृत, अधिकृतस्तर छैटौं तह - सचिव

प्रस्ताव नं.१८.८.४

जापान र थाइल्याण्ड भ्रमण सम्बन्धमा।

निर्णय नं.१८.८.४

यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यू र प्रमुख प्रशासकीय अधिकृत श्री टेकराज पन्थीज्यू जापानको भ्रमण र उपप्रमुख श्री सावित्रादेवी अर्यालज्यू र वडा नं.६ का वडाध्यक्ष श्री लोकनाथ न्यौपाने क्रमशः जापानको टोकियो र थाइल्याण्डको बैंकक भ्रमण गरी फिर्ता हुनु भएको र निजहरु भ्रमणमा रहँदाको अनुभव , विकास निर्माणका गतिविधिहरुको अनुसरण गर्ने जस्ता भ्रमणबाट भएका उपलब्धिहरुको वारेमा आजको बैठकमा जानकारी भयो।

प्रस्ताव नं.१८.८.५

सहयोग सम्बन्धमा।

निर्णय नं.१८.८.५

विभिन्न मितिमा विभिन्न संघसंस्था एवं व्यक्तिहरुबाट सहयोग माग भई आएका निवेदनहरु आजको बैठकमा पेश भई छलफल हुँदा देहायका संघ संस्था एवं व्यक्तिहरुलाई देहाय बमोजिमको सहयोग उपलब्ध गराउने निर्णय गरियो।

| क.सं. | व्यक्ति/संस्था | प्रयोजन | रकम | शीर्षक |
|---|---|---|---|---|
| १. | नेपाल आदिवासी जनजाति महासंघ, बुटवल-रुपन्देही। | भेषभुसा संरक्षण | रु. ६ लाख | आदीवासी जनजाति |
| २. | मदन भण्डारी स्पोर्टस एकेडेमी, केन्द्रीय कार्यालय काठमाण्डौ | अन्तर मा.वि. स्तरीय छात्र छात्रा भलिंवल प्रतियोगिता | रु. ५ लाख | सम्बन्धित शीर्षकबाट |
| ३. | नेपाल तामाङ्ग छेदुङ्ग | सोनाम ल्होसार पर्व मनाउने र भेषभुसाको जगेर्ना गर्न। | रु.२ लाख | आदिवासी जनजाती |
| ४ | वडा नं.७ शहरी स्वास्थ्य भवनमा | ढोका फिटिङ्ग | रु.१ लाख | पूर्वाधार शीर्षकबाट |
| ५. | तिला कोइराला, बुटवल-८ | करेन्ट लागेर पति दिवंगत भएकोले काजकिया खर्च | रु.५० हजार | विपद् |
| ६. | सामूदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपाल | लुम्बिनी प्रदेश अधिवेशन | रु.५० हजार | सामाजिक परिचालन |
| ७ | प्रमिला धोवी,वडा सदस्य, वडा नं.१ | उपचार सहयोग | रु.२५ हजार | विपद् |
| ८. | सेन्टर फर डेमोक्रेटिभ ईन्जिनियर्स नेपाल(सिडेन) लुम्बिनी प्रेदेश समिति | सूचना प्रकाशन | रु.२० हजार | सूचना |
| ९ | बसन्ती के.सी, बुटवल-१० | छोरा विश्व के.सीको उपचार सहायोग | रु.२० हजार | विपद |

प्रस्ताव नं.१८.८.६

अनुदान सहयोग सम्बन्धमा।

निर्णय नं.१८.८.६

बुटवल उपमहानगरपालिका वडा नं.९ स्थित वसपार्कमा निर्माणाधिन शिवालय मन्दिरको लागि अनुदान सहयोग शीर्षकमा रु.१० लाख विनियोजित भएको र प्राविधिकबाट मूल्याँकन समेत भई आएको हुँदा उक्त रकम अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं.१८.८.७**
**सहयोग सम्बन्धमा ।**
**निर्णय नं.१८.८.७**

नगरस्तरीय भलिवल प्रतियोगिता प्रशिक्षणमा भाग लिई पुरुषतर्फ तृतिय र महिलातर्फ प्रथम स्थान प्राप्त गरी बुटवलको गरिमा बढाएको र उक्त प्रतियोगितामा भाग लिन जाँदा आउँदा लागेको खर्च रु.२६४४८/- (छब्बिस हजार चार सय अठचालिस मात्र) बराबरको सहयोग प्रशिक्षक अर्जुन घिमिरेलाई उपलब्ध गराउने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।